# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१०, अंक-०३ | अवधिः २८ वैशाख — ३ जेठ, २०८१ | २८ वैशाख, २०८१


## मौसमी सारांशः

- गत साता सबैभन्दा बढी गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा रहेको दुम्कौली केन्द्रमा ८९.३ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ। कोशी प्रदेशका सम्पूर्ण तराई तथा मधेश प्रदेशका केही भू-भाग बाहेकका तराईमा ३५.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको धनगढी (अत्तरिया) केन्द्रमा सबैभन्दा बढी ३७.९ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। तराईका अधिकांश स्थानहरुमा २०.० डि.से. भन्दा बढी न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको थाकमार्फा केन्द्रमा सबैभन्दा कम ४.९ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।
- साताको शुरु र मध्यमा पश्चिमी वायु, स्थानीय वायुको साथै भारतको बिहार र आसपासको क्षेत्रमा हुने न्यून चापीय प्रणालीको प्रभाव समेत रहने संभावना छ।
- साताको शुरु र मध्यमा गण्डकी प्रदेशको पहाडी भूभागको केही स्थानहरु र बाँकी पहाडी भू-भागका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ।
- साताको अन्त्यमा पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का वर्षाको संभावना छ।
- साताको शुरु र मध्यमा देशभरको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानहरुमा र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको संभावना छ।
- साताको शुरु र मध्यमा देशभरको तराई भूभागका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षाको संभावना छ। साताको अन्त्यमा कोशी प्रदेशको एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का वर्षाको संभावना छ।
- देशका अधिकांश स्थानहरुमा अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने संभावना छ।

## कृषि सारांश


- वर्षे धानबालीवाट राम्रो उत्पादन लिन आफूले लगाउन चाहेको ठाँउ अनुसार सिफारिस गरिएका धानका उन्नत जातहरुको बीउ भरपर्दो श्रोतबाट समयमा नै व्यवस्था गर्नुहोस्।
- पहाडका लागि सिफारिस गरिएका भटमासका उन्नत जातहरु (तरकारी भटमास १, लुम्ले भटमास १, सेती, पुजा र रेन्सम) राइजोबियम जीवाणुले उपचार गरी लगाउनुहोस्।
- सुन्तलाजातका फलफूल बालीमा कोत्रे रोग व्यवस्थापनको लागि रोगी हाँगाहरु काँटछाँट गरी ३ ग्राम कपर अक्सिक्लोराईड प्रति लिटर पानीको दरले सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।
- मध्यपहाडी जिल्लाहरुमा लगाईएको आलु मौसमको अवस्था हेरी खन्नुहोस्। खनेको आलुको भण्डारण गर्दा दादे रोग लागेका र स्वस्थ आलुका दानाहरुलाई छुट्याएर भण्डारण गर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा पाउडरी मिल्ड्युको व्यवस्थापनको लागि सल्फरयुक्त विषादी डाइनोक्याब १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई सम्पूर्ण पात भिज्नेगरि ७-१० दिनको फरकमा २-३ पटक छर्कनुहोस्।
- पशुबस्तुमा खोरेत, चरचरे र लम्पी स्किन रोग र भेडाबाखामा पि.पि.आर रोग विरुद्द खोप लगाउनका लागि स्थानीय पालिकासँग समन्वय गरी समयमा नै खोप लगाउनुहोस्।
- खुल्लारुपमा पालिएका कुखुराहरुलाई रानीखेत रोग विरुद्ध १, ७ र १४ दिनमा बि१, एफ१ र लासोटा स्ट्रेनका खोपहरु आँखामा थोपा हाल्नुहोस् वा पानीमा खुवाउनुहोस्।
- तराईका जिल्लाहरुमा ग्रास कार्प माछाको ह्याचलिङ तथा भुरा बिक्री भैरहेको हुँदा नजिकको मत्स्य ह्याचरी केन्द्रमा सम्पर्क गर्नुहोस्।
- माछापोखरीमा अक्सिजनको कमीबाट हुन सक्ने क्षति कम गर्न बादल लागेको दिन र भोलिपल्ट बिहानीपख प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको एरेटरको प्रयोग गर्नुहोस्। साथै बादल लागेको समयमा दाना दिन बन्द गर्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार दिँउसो २ देखि ४ बजेसम्म फोन गर्नुहोस्।
- कृषि-मौसम सल्लाह बुलेटिन रेडियो नेपालबाट प्रत्येक शनिबार बेलुका ६:२५ देखि ६:३५ बजेसम्म साथै नेपाल टेलिभिजनको NTV NEWS Channel बाट प्रत्येक शनिबार बेलुका ८ बजेको समाचारपछि प्रसारण हुने गर्दछ।

# गत हप्ता (२१-२७ वैशाख, २०८१) को मौसमी सारांश





**साप्ताहिक कुल वर्षा:** ७२ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा हल्का देखि भारी वर्षा मापन गरिएको छ। वर्षा मापन भएका धेरै केन्द्रहरुमा सरदर भन्दा कम वर्षा मापन गरिएको छ। गत साता सबैभन्दा बढी गण्डकी प्रदेशको, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा रहेको दुम्कौली केन्द्रमा ८९.३ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रम:** ९५ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका धेरै केन्द्रहरुमा सरदर वा सरदरभन्दा कम अधिकतम तापक्रम मापन भएको छ। कोशी प्रदेशका सम्पूर्ण तराई तथा मधेश प्रदेशका केही भू-भाग बाहेकका तराईमा ३५.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको धनगढी (अत्तरिया) केन्द्रमा सबैभन्दा बढी ३७.९ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रम:** ९३ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका धेरै केन्द्रहरुमा सरदरभन्दा कम न्यूनतम तापक्रम मापन भएको छ। तराईका अधिकांश स्थानहरुमा २०.० डि.से. भन्दा बढी न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मुस्ताङ जिल्लामा रहेको थाकमार्फा केन्द्रमा सबैभन्दा कम ४.९ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः** (क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखि १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखि ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखि बिहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखि बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

## आगामी साता (२८ वैशाख — ३ जेठ, २०८१) को मौसमी परिदृष्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन/ चट्याङ्ग, हावाहुरी) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| **कोशी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा हल्का वर्षा/हिमपात तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | हल्का घट्ने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरुमा थोरै र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| **मधेश प्रदेश** | तराई | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली र अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| **वागमती प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा हल्का वर्षा/हिमपात तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| **गण्डकी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा हल्का वर्षा/हिमपात तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा केही स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ, हावाहुरी सहित हल्का वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **लुम्बिनी प्रदेश** | पहाड | हल्का वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा |
| | तराई | हल्का वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा हल्का वर्षा/हिमपात तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का वर्षा |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा हल्का वर्षा/हिमपात तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात |
| | पहाड | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का वर्षा |
| | तराई | हल्का देखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक देखि साधारणतया बदली तथा अन्त्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा | मेघगर्जन/ चट्याङ, हावाहुरी | साताको शुरु र मध्यमा थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ, हावाहुरी सहित हल्का देखि मध्यम वर्षा |

***नोट:* साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्वन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.mfd.gov.np हेर्नुहोस्।**

# कृषि सल्लाह

## खाद्यान्नबाली

- वर्षे धानबालीवाट राम्रो उत्पादन लिन आफूले लगाउन चाहेको ठाँउ अनुसारको लागि सिफारिस गरिएका धानका उन्नत जातहरुको बीउ भरपर्दो श्रोतबाट समयमा नै व्यवस्था गर्नुहोस्।
  - तराई, भित्रि मधेस, तल्लो पहाडी बेंशीका सिंचित क्षेत्रको लागि बहुगुणी धान-१, बहुगुणी धान-२, हर्दिनाथ-३, हर्दिनाथ-४, हर्दिनाथ हाइब्रिड धान-१, हर्दिनाथ हाइब्रिड धान-३, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान तथा असिंचित क्षेत्रको लागि सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, तरहरा-१ र हर्दिनाथ-२
  - घैया धानको लागि घैया-१, घैया-२ र विन्देश्वरी
  - डुबान/बाढीग्रस्त क्षेत्रका लागि गंगासागर-१, गंगासागर-२, स्वर्ण सब-१ र सम्बा मन्सुली सब-१
  - मध्यपहाडी क्षेत्रका लागि खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६

- छरुवा धानखेतीको लागि तराई तथा भित्री मधेसमा सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, तरहरा-१, हर्दिनाथ-२, घैया-२, राधा-४ र विन्देश्वरी

- चैते धानमा पतेरो कीरा (Rice gundhi bug) लाग्ने समय भएकोले नियमीत अनुगमन गर्नुहोस्। नोक्सानी कम गर्न खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको बैकल्पिक आश्रय नष्ट गर्ने; प्रकाश पासोको प्रयोग गरी बयस्क कीरालाइ मार्नुहोस्। साथै, बयस्क कीरा व्यवस्थापनको लागि स्थानीय रुपमा डर्टी ट्र्याप (गाई, भैंसीको ताजा पिसावमा कपडा वा जुटको बोरालाई भिजाएर एउटा लट्ठीको छेउमा बाँध्ने र उक्त लट्ठीलाई धानखेतको बीचमा लगेर गाड्ने, ट्र्यापमा आकर्षित भएका पतेरोहरुलाई बाहिरपट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्ने) को प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा मालाथियन ५०% ई.सी. वा साइपरमेथ्रीन २५% ई.सी., २.० एम.एल. प्रति लिटर पानीका दरले बोट राम्ररि भिज्नेगरि साँझको समयमा छर्नुहोस्।
- चैते धानबालीमा नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-२) अनुसारको युरिया मल टपड्रेस गर्नुहोस्। टपड्रेस गरिसकेपछि २४ घण्टासम्म खेतबाट पानी बगेर बाहिर जान नदिनुहोस्।
- धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको व्यवस्थापन बारे अनुसूची-३ मा विस्तृतमा दिईएको छ।
- वर्षायाममा मध्यपहाडी क्षेत्रमा लगाईने मकैको सिफारिस जातहरु मनकामना-१, मनकामना-३, मनकामना-४, मनकामना-५, मनकामना-६, पोषिलो मकै-१, खुमल पहेंलो, सितला, देउती, खुमल हाइब्रिड-२ (बर्णशंकर मकै) आदि तथा छिटो पाक्ने मकैका जातहरु अरुण-३, अरुण-४, अरुण-६ र उच्च पहाडी क्षेत्रका लागि गणेश-१, गणेश-२ छर्नुहोस्।
- पहाडी भेगहरुमा सिफारिस गरिएको मकैको उन्नत जातहरु १-१.५ के.जी. प्रति रोपनीका दरले लगाउनुहोस्।
- वर्षे मकै लगाउन जग्गा तयारीको बेला नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-४) अनुसारको युरिया प्रयोग गर्नुहोस्।
- मध्यपहाडी भेगमा लगाईएको गहुँबाली मौसमको अवस्था हेरी काटेर भित्र्याउनुहोस्।
- गहुँको दानामा चिस्यानको मात्रा १०-१२ प्रतिशत कायम हुने गरी सुकाएर हावा नछिर्ने भाँडाहरु जस्तै- सीड बिन, प्रो ब्याग, घ्याम्पो आदीमा भण्डारण गर्नुहोस्।
- खाद्यान्नको लागि प्रयोग गरिने गहुँ भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा ४-५ ईन्च जति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपाती जस्ता विरुवाको पातहरु प्रयोग गर्नुहोस्।
- बीउको लागि मात्र प्रयोग गरिने गहुँ भण्डारणमा कीरा लाग्न नदिन सेलफस विषादी १ पुरिया (१० ग्राम) प्रति मेट्रिक टन (१० क्विन्टल) भण्डारण गरेको बीउमा ६-१२ ईन्च भित्र हावा नछिर्ने गरि बन्द गरि राख्नुहोस्।
- पहाडका लागि सिफारिस गरिएका भटमासका उन्नत जातहरु (तरकारी भटमास १, लुम्ले भटमास १, सेती, पुजा र रेन्सम) राइजोबियम जीवाणुले उपचार गरी लगाउनुहोस्।
- भटमास एकल बालीको रुपमा लाईनमा लगाउँदा १ हार देखि अर्को हारको दूरी ५० से.मी. र बोटबाट बोटको दूरी १०-१५ से.मी. मा बीउलाई ३-४ से.मी. गहिरोमा २.५-३.० के.जी प्रति रोपनीका दरले बीउ प्रयोग गरी रोप्नुहोस् तर भटमास मकैसँग अन्तरबालीको रुपमा लगाउदा मकैको हारको दुरी १ मीटर र एक बोट देखि अर्को बोट सम्मको दुरी २५ से.मी. हुने गरि १ हार मकै र २ हार भटमास लगाउनुहोस्।
- भटमास लगाउने जग्गा तयारीको समयमा ४.४ के.जी. डि.ए.पि., ५०० ग्राम युरिया र १.७ के.जी. म्युरेट अफ पोटास प्रति रोपनी अथवा २.९ के.जी. डि.ए.पि., ३२० ग्राम युरिया र १.१ के.जी. म्युरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाईसकेपछि बीउ छर्नुहोस्।

## फलफूल बाली

- सामान्य भण्डार कोठामा भण्डारण गरिएका विभिन्न फलफूल तथा तरकारीबाट जलवाष्प (Moisture) उडेर जाने क्रम न्यूनीकरण गर्नको लागि भण्डार कोठा वरिपरि पानी छर्कनुहोस् साथै झ्याल, भेन्टिलेशन र ढोकामा भिजेको जुटको बोरा राखि आवश्यक ओसको व्यवस्था गर्नुहोस्।
- सुख्खाका कारण स्याउ, ओखर लगायतका फूल र चिचिला झरी नोक्सानी हुनेहुँदा बोटको वरिपरि हल्का सिंचाइ गर्नुहोस्।
- हिउँदको समयमा रोपिएका लेकाली फलफूलका बिरुवाहरुलाई सुख्खाबाट जोगाउन बोटको वरिपरि छापो राखी हरेक हप्ता सिंचाइ गर्नुहोस्।
- जुम्ला लगायत स्याउ उत्पादन हुने स्थानहरुमा लाही कीराको प्रकोप प्रत्येक वर्ष हुने हुनाले नियमीत अनुगमन गर्नुहोस्। लाही कीराबाट संक्रमित हाँगा, मुनाहरु नष्ट गर्नुहोस्। लजालु स्वभावका परजीवी खपटे (Lady bird beetle) कीराहरुले यसलाई नोक्सानी पुर्याउने भएकोले यसको संवर्धन गर्नुहोस् साथै, लाहीको परजिवी कीरा एफिलिनस माली (Aphelinus mali) को प्रयोग गर्नुहोस्। खनिज तेल (Mineral oil) १० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई लाही लागेको स्थानमा भिज्नेगरी सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस्।
- आरुको पात बटारिने समस्या देखापर्ने समय भएकोले पात बटारिएको देखिएमा कपर अक्सिक्लोराइड २ ग्राम वा बोर्डो मिश्रण १% वा सल्फर २ ग्राम प्रति लिटर पानीमा घोली पात भिज्नेगरी २ पटक छर्कनुहोस्। यो रोग लाही कीराले सार्ने भएकोले लाही कीराको व्यवस्थापनको लागि डाईमेथोएट १.५ एम.एल. प्रति लिटर पानीको दरले ७-१० दिनको फरकमा २-३ पटक छर्नुहोस्।
- अनारमा लाग्ने पुतलीको कारणले फल झर्ने र कुहिने समस्या हुने हुँदा फूल फुलेदेखि फल तयार हुने बेलासम्म यस समस्याको समाधानका लागि यसै हप्ता देखि एकिकृत व्यवस्थापन विधि अपनाउनुहोस्। नीमजन्य विषादी ०.३ ई.सी., ५ एम.एल. प्रति लिटर पानीमा घोली १५ दिनको फरकमा ४ पटकसम्म छर्नुहोस्। प्रकोप अधिक देखिएमा बगैंचाहरुमा साईपरमेथ्रिन (१०% ई.सी.) २ एम. एल. प्रति लिटर पानीमा घोली १५ दिनको फरकमा ३ पटकसम्म छर्कनुहोस्।
- सुन्तलाजात फलफूलमा लाग्ने पुतलीको लार्भाहरु संकलन गरि नष्ट गर्नुहोस्। प्रकोप ज्यादा भएमा क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole १८.५ % SC) १ मि. लि. प्रति ३ लिटर पानीमा मिसाई साँझको समयमा छर्नुहोस्।
- सुन्तलाजात फलफुल बगैचामा सुक्ष्म खाद्यतत्वको व्यवस्थापनका लागि पालुवा आइरहेको बेला र दाना लागिसकेपछि २ पटक सुक्ष्म खाद्यतत्वयुक्त मल सिफारिस मात्रामा प्रयोग गर्नुहोस्।
- सुन्तलामा फल झर्ने समस्या व्यवस्थापन गर्न फूल लागिसकेको भए पहिलो पटक यसै हप्तामा विरुवा बर्धक रसायन- प्लानोफिक्स (Planofix) वा प्लान्टोप्लेक्स १ एम.एल. प्रति लिटर पानीमा घोली पात र फल भिज्नेगरी छर्नुहोस्। दोश्रो पटक फलको आकार गुच्चा भन्दा ठूलो भएपछि जेष्ठ महिनामा छर्नुहोस्।
- सुन्तलाजातका फलफूल बालीमा कोत्रे रोग व्यवस्थापनको लागि रोगी हाँगाहरु काँटछाँट गरी ३ ग्राम कपर अक्सिक्लोराईड प्रति लिटर पानीको दरले सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।
- फलफूल बालीमा कालो ध्वाँसे ढुसी (Sooty Mold) यस मौसममा प्रशस्त देखिन सक्छ। नयाँ पात र पालुवामा कालो ध्वाँसे ढुसी देखिएमा १५ एम.एल खनिज तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्नेगरि छर्कनुहोस्।



चित्रः सुन्तलामा कोत्रे रोगको प्रकोप

- फलफूल बालीको उत्पादकत्व बढाउन तथा रोग कीराको प्रकोप कम गर्न बगैंचामा खनजोत गरि अनुसूची-५, ६ र ७ मा दिए बमोजिम मलखाद प्रयोग गरि सिंचाइ गर्नुहोस्।

## तरकारी बाली

- उच्च पहाडमा फागुनमा लगाएको आलुबालीमा गोडमेल, उकेरा र सिंचाइ दिई युरिया ४.४ के.जी. प्रति रोपनीका दरले टपड्रेस पनि गर्नुहोस्। आलुको दानामा लाग्ने पुतलीले क्षति पुर्याउने हुँदा त्यसबाट जोगाउन आलुको दाना माटोमाथि निस्कन नदिन राम्ररी उकेरा दिनुहोस्।
- मध्यपहाडी जिल्लाहरुमा पुसको अन्तिम हप्ता तथा माघको पहिलो हप्तामा लगाईएको आलु मौसमको अवस्था हेरी खन्नुहोस्। खनेको आलुलाई घाम नपर्ने, हावा खेल्ने ठाउंमा राम्ररी फिजाएर राखी curing गर्नुहोस्।
- खनेको आलुको भण्डारण गर्दा दादे रोग लागेका र स्वस्थ आलुका दानाहरुलाई छुट्याएर भण्डारण गर्नुहोस्।


चित्रः आलुको दादे रोग

- केराउ/सिमीमा लाग्ने गवारोको सुरुवाती अवस्थामा मुना, कलिलो पातहरु र फलहरुमा यसको लक्षण देखिने भएकोले यिनीहरुलाई जम्मा गरि नष्ट गर्नुहोस्। यसको व्यवस्थापनको लागि उखुबालीमा सिफारिस गरे अनुसार परजीबी कीरा ट्राइकोग्रामाको प्रयोग गर्नुहोस्। शिकारी कीरा (जालीदार हरियो पखेटे कीरा) को प्रबर्धन र सम्बर्धन गर्नुहोस्। कोसामा लाग्ने गवारो (Pod borer) कीरा व्यवस्थापनको लागी मालाथियन ५०% ई.सि. वा डाईमेथोएट ३०% ई.सी. २.० एम.एल. प्रति लिटर पानीमा मिसाएर र प्रकोप ज्यादा भएमा क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole १८.५ % SC) वा स्पिनोसाड (Spinosad ४५% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर साँझपख छर्कनुहोस्। एउटै बिषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।
- सिमी बालीमा सिंदूरे रोग व्यवस्थापनको लागि शुरुवाती अवस्थामा प्रकोप देखिएका पातहरु हटाई जलाउने र प्रकोप धेरै भएमा टिल्ट १ एम.एल. प्रति लिटर पानीमा घोलेर बोट भिज्नेगरि छर्कनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा १० ग्राम युरियाका दरले रोपेको १५-२० दिनमा, ४०-४५ दिनमा र ६०-६५ दिनमा टपड्रेस गर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा रातो खपटे कीराका लार्भाहरु जमीनको सतह भन्दा अलिकति मुनी बस्ने भएकोले समय-समयमा गोडमेल गर्नुहोस्। कीराले विहान र बेलुका नोक्सानी पुर्याउने भएकोले सम्भव भएसम्म टिपेर नष्ट गर्नुहोस्। प्रकोप धेरै भएमा साँझपख साईपरमेथ्रिन (१०% ई.सी.) २ एम.एल. प्रति लिटर पानीमा मिसाएर माटो र बोट भिज्नेगरि छर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीलाई फल कुहाउने औंसाबाट जोगाउनको लागि क्यु ल्युर युक्त बोटल ट्र्याप प्रति रोपनी ६-८ वटाको दरले राख्नुहोस्। यस्तै फलफूल बालीमा मिथायल इयुजिनल युक्त बोटल ट्र्याप प्रति कठ्ठा १०-१२ ओटाको दरले राख्नुहोस्। साथै प्रत्येक २ हप्तामा नयाँ ल्युर युक्त बोटल फेर्नुहोस्। मालाथियन ५०% इ.सी., २ एम.एल. प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूल फुल्नु अगाडीदेखि १५-१५ दिनको फरकमा छर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा लिफ माइनरको प्रकोप कम गर्नको लागि तल-तलको पुरानो पातहरु हटाउनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा पाउडरी मिल्ड्युको व्यवस्थापनको लागि सल्फरयुक्त विषादी डाइनोक्याब १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई सम्पूर्ण पात भिज्नेगरि ७-१० दिनको फरकमा २-३ पटक छर्कनुहोस्।
- भिंडीमा फल तथा डाँठमा लाग्ने गवारोको नोक्सानी देखिएमा गवारो लागेको मुना र फलहरु जम्मा गरि नष्ट गर्नुहोस्, साथै कीराको अचल अवस्था (pupa) हरु बिरुवाको बाहिरी भागहरुमा हुने हुँदा जम्मा गरि नष्ट गर्नुहोस्। प्रकोप धेरै भएमा क्लोरनट्रानीलीप्रोल (Chlorantraniliprole १८.५% SC) वा स्पिनोसाड (Spinosad ४५% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर छर्कनुहोस्। एउटै बिषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।

- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, भर्टिसिलियम लेकानी २ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुपर्दछ। प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा निटेन पाईराम १०% एस. एल् १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।
- गोलभेंडाको फलमा लाग्ने गवारो कीरा व्यवस्थापनको लागी क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole १८.५ % SC) वा स्पिनोसाड (Spinosad ४५% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर साँझपख छर्कनुहोस्। एउटै बिषादी निरन्तर प्रयोग नगरेर आलोपालो गरी प्रयोग गर्नुहोस्।
- खुर्सानीमा भाइरस रोग लागेको भएमा भिर्कोन एच झोल १ एम. एल. प्रति लिटर पानीमा मिसाइ छर्कनुहोस्।

## अन्य

- फागुनमा लगाएको उखुबालीमा गोडमेल र सिंचाइ गरि ४.४ के.जी. युरिया प्रति रोपनी वा २.९ के.जी. युरिया प्रति कठ्ठाको दरले बाली लगाएको ६०-७५ दिनमा पहिलो टपड्रेस गर्नुहोस्।
- माटोको सौर्य उपचार विधिबारे अनुसूची-८ मा विस्तृतमा दिईएको छ।
- अलैंचीको पात डढुवा रोगको लागि रोगग्रस्त भागहरु हटाएर खाल्डोमा पुरिदिनुहोस् र म्यानकोजेब वा क्लोरोथालोनिल भएको बिषादी २ ग्राम प्रति लिटर पानीको दरले ७-१० दिनको फरकमा सम्पुर्ण बोट भिज्नेगरि २-३ पटकसम्म आवश्यकता अनुसार प्रयोग गर्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। हाल मौरीको लागि उपयुक्त मौसम भएकोले घारको नियमित निरीक्षण गरी आधार चाकाहरु साथै सुपर (तल्ला) थप्ने व्यवस्था गर्नुहोस्। साथै घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरि मौरी गोला विभाजन गर्नुहोस्।

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- खोरेत, चरचरे र लम्पी स्किन रोग र भेडाबाख्रामा पि.पि.आर रोग विरुद्ध खोप लगाउनका लागि स्थानीय पालिकासँग समन्वय गरी समयमा नै खोप लगाउनुहोस्।
- दूधालु गाई, भैंसीहरुमा ई. कोलाईका कारण हुने थुनेलो रोगका लागि अनुकूल समय रहेकाले हरेक दिन दुधको गुणस्तर ठीक छ, छैन विचार गर्नुहोस्। दैनिक रुपमा दुध फाट्न थालेमा, स्वादमा बढी नुनिलो हुन थालेमा वा कल्चौंडो/थुनमा केही फरक महसुस भएमा सुसुप्त अवस्थाको थुनेलो हुनसक्ने हुँदा दुधको जाँच गरि उपचारका आवश्यक उपायहरु अपनाउनुहोस्।
- तापक्रम बढ्दै जाँदा पशुवस्तुमा किर्ना र लुतोको समस्या देखा पर्न सक्दछ। त्यसकारण समयमै आफ्ना पशुबस्तुको राम्ररी बाह्य परिजिवीको प्रकोप भए नभएको निरिक्षण गर्नुहोस्। यदि पशुवस्तुमा किर्ना परेमा पहिला घरेलु उपचार बिधि अपनाउनुहोस्।
  - २०० ग्राम नुन, ४ लिटर पानीमा घोलेर यसै झोलले नुहाईदिनुहोस्।
  - ५० एम.एल. नरिवलको तेल, १०० ग्राम गन्धक र ५० ग्राम अदुवा मिसाई तताएर चिसो पार्ने र पशुको जिउभरि लगाइदिनुहोस्।
  - ३०० ग्राम सुकेको सुर्तिको पातलाई १ लिटर पानीमा भिजाउने र १ चम्चा नुन हालेर यसलाई ३ घण्टासम्म यथावत राख्ने र ३ घण्टापछि यो झोल पशुको जीउभरी लगाउनुहोस्।
- पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग (प्रायः कफी रंगको वा रातो रंगको पिसाव फेर्ने; उक्त पिसाव आधा घण्टा जति सफा टेस्टट्युव/ शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स २ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाँउमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस्।

### कुखुरा, हाँस, बंगुर

- खुल्लारुपमा पालिएका कुखुराहरुलाई रानीखेत रोग विरुद्ध १, ७ र १४ दिनमा बि१, एफ१ र लासोटा स्ट्रेनका खोपहरु आँखामा थोपा हाल्नुहोस् वा पानीमा खुवाउनुहोस्।
- व्यवसायिक रुपमा पालिएका कुखुराहरुलाई गर्मीको तनाब (Heat stress) बाट जोगाउन दिउँसोको समयमा दाना नदिने तथा पिउने पानीमा ग्लुकोज वा भेली प्रयोग गर्नुका साथै पानीका भाडाहरु थप संख्यामा राख्नुहोस् र स्वच्छ पानी मात्र प्रयोग गर्नुहोस्।
- क्लासिकल स्वाइन फिभर विषाणुबाट सुँगुर, बंगुर, बँदेलमा लाग्ने अति खतरनाक महामारी रोग भएकोले यो रोग लाग्नबाट बच्न पाठा-पाठी जन्मेको ४५ दिनमा पहिलोपटक यो रोग विरुद्द खोप लगाउनुहोस् र आफूले पालेका बंगुरहरुलाई प्रत्येक वर्ष नियमीत रुपमा खोप लगाउनुहोस्।
- विगत केही वर्षदेखि यो समयमा पन्छीहरुमा बर्डफ्लूको संक्रमण देखिने गरेको हुँदा संभावित जोखिम न्यूनीकरणका लागि फार्ममा जैविक सुरक्षा अपनाउनुहोस्।

## मत्स्यपालन

- माछापोखरीमा अक्सिजनको कमीबाट हुन सक्ने क्षति कम गर्न बादल लागेको दिन र भोलिपल्ट बिहानीपख प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको एरेटरको प्रयोग गर्नुहोस्। साथै बादल लागेको समयमा दाना दिन बन्द गर्नुहोस्।
- मध्यपहाडमा कमन कार्प माछाको प्रजनन समय भएको हुँदा प्रजनन पोखरीमा भाले र पोथी लाई २:१ अनुपातमा माछाको सेट राख्नुहोस्। टाँसिने प्रकृतिका अण्डाहरुलाई फिँजाएर ह्याचलिङ्ग कढाउन वा कोरल्नको लागि खर, नरिवलको जटा, प्लास्टिक वा फाईवरको रेशा, झारपात आदि प्रयोग गरेर बनाईने गुन्द्री आकारको करिव २.५ मिटर लम्बाई र १ मिटर चौडाई भएको चट्टि वा लहरा आकारको संरचना "काकावन" लाई चारवटा बाँस वा रुखको हाँगाहरुको किला गाडी प्रजनन गराईने पोखरीभित्र चारै छेउमा लहरै पिँधभन्दा कम्तीमा ३०-४० से.मी. माथिसम्म पारेर किलामा बाँधेर तयार गर्नुहोस् र काकावनलाई पानीको सतह भन्दा १५-२० से.मी. तल राख्नुहोस्।
- कमन कार्प माछाको अण्डाबाट निस्केको ह्याचलिङलाई अनुसूची-९ मा दिईए अनुसार दानाको प्रयोग गर्नुहोस्।
- तराईका जिल्लाहरुमा सिल्भर र बिगहेड कार्प जातका माछाको प्रजनन समय नजिकिएको हुँदा प्रजननयोग्य माउ माछाहरुलाई छनौट गरी छुट्टै पोखरीमा राख्नुहोस्। साथै, २८-३०% प्रोटिनयुक्त पेलेट दानामा २% मिनरल्स मिक्स र भिटामिन प्रिमिक्स थप गरी खुवाउनुहोस्।
- यस समयमा नर्सिङ्ग पोखरीमा ब्याक स्विमर कीराले माछा भुरामा क्षति पुर्याउने हुँदा १.५ कठ्ठा भुरा हुर्काउने पोखरीमा ८ लिटर डिजेल, २ लिटर डढेको मोबिल र ५०० ग्राम सर्फ मिसाई बनेको घोललाई हावा नचलेको बेला बिहानीपख चारै कुनामा पर्नेगरि छर्कनुहोस्। तत्पश्चात ४-५ घण्टा सो पानीको सतहलाई नचलाउनुहोस्।
- तराईका जिल्लाहरुमा ग्रासकार्प जातका माछाका ह्याचलिङ्ग तथा भुरा बिक्री वितरण भईरहेको हुँदा मत्स्यपालन गर्ने कृषकहरुले नजिकैको सरकारी/नीजि ह्याचरीहरुमा सम्पर्क गर्नुहोस्।

## घाँसेबाली

- खरबारी, डालेघाँस लगाएको नर्सरी, बेर्ना सारेको बारी तथा गोठ वरिपरी आगो लाग्नबाट बचाउन २-३ मिटर चौडाईमा घाँसपात, पतिंगर हटाई अग्नि नियन्त्रण रेखा (Fire corridor) बनाउनुहोस्।
- ईपिल-ईपिल घाँसको बीउ पाक्ने समय भएकोले पाकेको कोसाहरु बोटबाट टिपेर राम्ररी घाममा सुकाउनुहोस्। सुकिसकेका कोसालाई एकै ठाउँमा थुपारी लठ्ठीले चुटेर बीउ झार्नुहोस् र नाङ्लोमा केलाएर सफा गर्नुहोस्। ओभानो प्लाष्टिक वा जुटको बोरा वा टिनको बट्टामा बीउ टन्न भरेर टम्म बन्द गरि ओभानो तर सितल ठाँउमा भण्डारण गर्नुहोस्।
- टियोसेन्टि (मकैचरी), सामा लगायतका बर्षे घाँसहरु लगाउन शुरु गर्नुहोस्। जग्गा तयारीको बेलामा टिओसेन्टी, सर्गम र बाजरा घाँसको लागि १००० के.जी. कम्पोस्ट वा गोबरमल, १.८ के.जी. युरिया, ६.५ के.जी. डिएपी तथा ३.३ के.जी म्युरेट अफ पोटास प्रति रोपनीका दरले वा ६६६ के.जी. कम्पोस्ट वा गोबरमल, १.२ के.जी. युरिया, ४.३४ के.जी. डिएपी तथा २.२ के.जी म्युरेट अफ पोटास प्रति कट्ठा दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- बोडीको लागि १२५० के.जी. कम्पोस्ट वा गोबरमल, १६५ ग्राम युरिया, ६.५ के.जी. डिएपी तथा २.५ के.जी म्युरेट अफ पोटास प्रति रोपनीका दरले वा ८३३ के.जी. कम्पोस्ट वा गोबरमल, ११० ग्राम युरिया, ४.३४ के.जी. डिएपी तथा १.६७ के.जी म्युरेट अफ पोटास प्रति कट्ठा दरले माटोमा राम्ररी मिलाउनुहोस्।

### कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. ध्रुवराज भट्टराई | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | raj01dhruba@gmail.com | ९८५१०३८५३९ |
| २ | नविन गोपाल प्रधान | बागवानी | राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ३ | राजेन्द्र कुमार भट्टराई | बाली बिज्ञान | राष्ट्रिय बाली बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | डा. प्रदीप शाह | बाली बिज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ६ | सुदीप कुमार उपाध्याय | कीट बिज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ७ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ८ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| ९ | शिवा अर्याल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तीपुर | sivaaryal@gmail.com | ९८४१३८०५१० |
| १० | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| ११ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १२ | मुक्ति नाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | muktinath2043@gmail.com | ९८६३३८२२५४ |
| १३ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १४ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| १५ | विनोद बाबु ढकाल | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | binod.dhakal657@gmail.com | ९८४६२१६१७५ |
| १६ | संजिब अधिकारी | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |
| १७ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| १८ | निला पौडेल | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम | neelapaudel@gmail.com | ९८४१२४१७२८ |

## अनुसूची -१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

### Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No cloud in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hour |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at a few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at a some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची-२ः धानबालीमा टपड्रेसका लागि आवश्यक युरियाको मात्रा

| | युरिया (कि.ग्रा/कट्ठा) | |
|---|---|---|
| अवस्था | २५-३० दिनपछि (गाँज आउने समयमा) | ५०-५५ दिनपछि (बाली पोटाउने बेला भन्दा अगाडी) |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.९ | २.९ |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म) | २.९ | २.९ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | ३.२ | ३.२ |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म) | २.५ | २.५ |
| भित्रि तराई (चितवन, मकवानपुर र नवलपुर) | ३.० | ३.० |
| वर्णशंकर | ३.६ | ३.६ |
| पहाडी भागमा (कि.ग्रा/प्रति रोपनी) | ३.८ | ३.८ |

## अनुसूची ३ः धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको व्यवस्थापन

हरियो मल माटोको उर्बराशक्ति र बालीको उत्पादन बढाउने हुनाले कृषकको लागि अत्यन्त लाभदायी हुन्छ। हरियो मलको रुपमा ढैंचा प्रयोग गर्दा माटोमा नाईट्रोजन स्थिरीकरण हुनुका साथै माटोमा प्रांगारिक पदार्थको मात्रा थपिन्छ। विभिन्न अनुसन्धानबाट प्राप्त नतिजा अनुसार बालीलाई आवश्यक पर्ने नाईट्रोजनको २५% भाग ढैंचा खेती गरेको खण्डमा परिपूर्ति हुने हुनाले नेपालमा पाईने ढैंचाका जातहरु सेस्बानिया रोस्ट्राटा (Sesbania rostrata) र सेस्बानिया क्यानाबिना (Sesbania cannabina) धान खेती गर्नुभन्दा ४५ दिन अगाडी धान लगाउने खेतमा ४० के.जी. प्रति हेक्टरका दरले खनजोत गरी लगाउनुहोस्। यी मध्ये सेस्बानिया रोस्ट्राटामा काण्ड र जरामा समेत वायुमण्डलीय नाईट्रोजन सोसेर लिन सक्ने राईजोबियम ब्याक्टेरिया भएको गिर्खाहरु हुन्छन् जसले नाईट्रोजन स्थिरीकरणको मात्रा बढाउँछ। ढैंचा लगाएको ६-७ हप्ता (फूल फूल्ने अवस्था) पछि खेतमा पानी राखी बोटलाई जोत्न सजिलो हुनेगरी काटि जोतेर माटोमुनि पारी कुहाउनुहोस्। यसरी कुहाएर राखेको हरियो मल (ढैंचा) ले माटोमा ८०-१५० के.जी. नाईट्रोजन प्रति हेक्टर स्थिरीकरण गर्न सक्ने पाईएको छ।

## अनुसूची-४ः मकैबाली लगाउने समयका लागि आवश्यक मलखादको मात्रा (के.जी. प्रति कट्ठा)

| | खुला सेचित | | | बर्णशंकर | | | सबै जातहरुमा (ग्राम प्रति कट्ठा) | |
|---|---|---|---|---|---|---|---|---|
| अवस्था | युरिया | डीएपी | म्यूअपो | युरिया | डीएपी | म्यूअपो | जिंक सल्फेट | बोरेक्स |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | १.७ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म) | १.४ | ४.४ | २.२ | २.६ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | १.४ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म) | १.४ | ४.४ | २.२ | २.६ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| भित्रि तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | १.७ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| पहाडी भागमा (प्रति रोपनी) | २.९ | ६.५ | ३.३ | ४.० | ६.५ | ५.० | ४७६ | ७१४ |

## अनुसूची-५: उष्ण प्रदेशीय फलफूलहरुमा मलखादको प्रयोग

| बोटको उमेर (वर्ष) | मलखादको मात्रा (प्रति बोट प्रति वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कम्पोष्ट (के.जी.) | पिना (के.जी.) | नाइट्रोजन (ग्राम) | फस्फोरस (ग्राम) | पोटास (ग्राम) | जिंक (ग्राम) | बोरन (ग्राम) |
| १ | १० | १.० | ५० | २५ | २५ | २५ | |
| २ | १५ | १.५ | १०० | ५० | ५० | ५० | |
| ३ | २० | २.० | १५० | १०० | ७५ | ७५ | |
| ४ | २५ | २.५ | २०० | १५० | १०० | १०० | |
| ५ | ३० | ३.० | २५० | २०० | १२५ | १२५ | १२५ |
| ६ | ३५ | ३.५ | ३०० | २५० | १५० | १५० | १५० |
| ७ | ४० | ४.० | ३५० | ३०० | १७५ | १७५ | १७५ |
| ८ | ४५ | ४.५ | ४०० | ३५० | २०० | २०० | २०० |
| ९ | ५० | ५.० | ५०० | ४०० | २५० | २५० | २२५ |
| १० वर्ष पछि | ६० | ५.० | ६०० | ६०० | २५० | २५० | २५० |

## अनुसूची ६: सुन्तलाजात फलफुलहरुमा मलखाद प्रयोग

| बोटको उमेर (वर्ष) | मलखादको मात्रा (प्रति बोट प्रति वर्ष) | | | |
|---|---|---|---|---|
| | कम्पोष्ट (के.जी.) | नाइट्रोजन (ग्राम) | फस्फोरस (ग्राम) | पोटास (ग्राम) |
| १ | १० | ५० | २५ | ५० |
| २ | २० | १०० | ५० | १०० |
| ३ | ३० | १५० | ७५ | १५० |
| ४ | ४० | २०० | १०० | २०० |
| ५ | ५० | २५० | १२५ | २५० |
| ६ | ६० | ३०० | १५० | ३०० |
| ७ | ७० | ३५० | १७५ | ३५० |
| ८ | ८० | ४०० | २०० | ४०० |
| ९ | ९० | ४५० | २२५ | ४५० |
| १० वर्षपछि | १०० | ५०० | २५० | ५०० |

## अनुसूची ७: लेकाली फलफूलहरुमा मलखाद प्रयोग

| मलखादको मात्रा (प्रति बोट प्रति वर्ष) | | | | |
|---|---|---|---|---|
| बोटको उमेर (बर्ष) | कम्पोष्ट (के.जी.) | युरिया (ग्राम) | डी.ए.पी. (ग्राम) | म्युरेट अफ पोटास (ग्राम) |
| १ | १० | १२३ | ७६ | ११७ |
| २ | २० | २४६ | १५२ | २३४ |
| ३ | ३० | ३६९ | २२८ | ३५१ |
| ४ | ४० | ४९२ | ३०४ | ४६८ |
| ५ | ५० | ५०५ | ३८० | ५८५ |
| ६ | ६० | ६२८ | ४५७ | ७०२ |
| ७ | ७० | ८६१ | ५३३ | ८१९ |
| ८ | ८० | ९८४ | ६०९ | ९३६ |
| ९ | ९० | ११०७ | ६८५ | १०५३ |
| १० वर्ष पछि | १०० | १२३० | ७६१ | ११७० |

## अनुसूची-८: माटोको सौर्य उपचार विधि

चैत्र देखि जेठ महिनामा नर्सरी राख्ने ठाउँमा माटोमुनि बसेर बाली बिरुवालाई नोक्सानी गर्ने झारपात, जीवाणु, किटाणुहरुको व्यवस्थापन गर्न पारदर्शी प्लाष्टिकले माटोलाई छोपी सुर्यको प्रकाशको मद्दतले माटोको उपचार गर्न यो विधि उपयुक्त मानिन्छ। यसका लागि ब्याड बनाउने ठाउँमा राम्रोसँग खनजोत गरी माटोको डल्ला फुटाई मसिनो पार्ने, झारपात तथा ढुंगालाई हटाउने, आवस्यक पर्ने गोठेमल माटोमा मिलाउने र पानीको निकासको लागि कुलेसो बनाउनुहोस्। जमिनको सतहबाट एक बित्ता उठाएर १ मिटर चौडाई र आवश्यकता अनुसार लम्बाई भएको, बिचको भाग केही उठेको र दायाँ बायाँ केही भिरालो भएको ब्याड राख्नुहोस्। माटो सुख्खा छ भने ६ इन्च गहिरो भिज्ने गरी सिचाई गर्नुहोस्। यसरी तयार भएको ब्याडलाई २५०-३०० गेजको प्लाष्टिकले करिब २५ से.मी .प्लाष्टिक ब्याड भन्दा बाहिर हुनेगरी माटो कालो नुहुन्जेल) करिब ३ हप्ता (छोप्नुहोस्। ब्याड राख्नुभन्दा अगाडी माटोलाई कुटोको सहायताले हल्का चलाउने र करिब ४-५ दिनसम्म चिसो हुन दिई बीउलाई पुरै ब्याडमा एकै दिन छर्नुहोस्। बीउ छरिसकेपछि नउम्रेसम्म छापोको व्यवस्था गर्नुहोस्। यसरी उपचार गरेको माटो करिब ६ महिना सम्म ब्याडको रुपमा प्रयोग गर्न सकिन्छ।

## अनुसूची-९: कमन कार्प माछाको ह्याचलिंगलाई दैनिक दाना/आहारा दिने तालिका

| समय अवधि | दानाको प्रकार | दाना दिने दर | प्रति दिन |
|---|---|---|---|
| पहिलो हप्ता | सानो जु-प्लाङ्कटन, अन्डाको झोल, ३०-३५% प्रोटिनयुक्त पाउडर दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १५-२०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ४ वटा अन्डाको झोल, १०-१५ ग्राम तयारी दाना | ३-४ पटक |
| दोश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन, ३०-३५ % प्रोटिनयुक्त क्रम्बल नं.-१ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १०-१५% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन २५०-२७५ ग्राम तयारी दाना | ३ पटक |
| तेश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५% प्रोटिनयुक्त क्रम्बल नं.२ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ८-१०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ४५०-५०० ग्राम तयारी दाना | ३ पटक |
| चौथो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५ % प्रोटिनयुक्त क्रम्बल नं.३ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ५-१०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ७००-७५० ग्राम तयारी दाना | २-३ पटक |